# तुर्माखाँद राजपत्र

**तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड १० संख्या १ मिति २०८३ बैशाख १३ गते**


## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

## तुर्माखाँद गाउँपालिका नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०८३

**प्रस्तावनाः** सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका

पक्षहरुलाई प्रभावकारी बनाई प्रवर्तनात्मक अभ्यासमार्फत विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च बनाउदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सामुदायिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विद्यालयको आवश्यकता देखिएकाले विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनोट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक देखिएकाले स्थानीय सञ्चालन ऐन २०७४, को दफा १०२, र तुर्माखाँद गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५, को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यो निर्देशिकाको नाम तुर्माखाँद गाउँपालिका नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका रहेको छ।

२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

३) यो निर्देशिका तुर्माखाँद गाउँपालिकाले छनौट गरेको विद्यालयको हकमा मात्र लागु हुनेछ।

२. <u>परिभाषाः</u> **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः**

(क) **"गाउँपालिका"** गाउँपालिका भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) **"अध्यक्ष"** भन्नाले तुर्माखाँद गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(घ) **"शिक्षा, युवा तथा खेलकूद शाखा"** भन्नाले तुर्माखाँद गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्दछ।

(ङ) **"नमुना विद्यालय"** भन्नाले यो निर्देशिका बमोजिम छनौट भई तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा भएको माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

(च) **"शिक्षा अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत शिक्षा अधिकृत वा शिक्षा शिक्षा शाखा प्रमुख वा संयोजकलाई जनाउँछ।

तुर्माखाँद गाउँपालिका

(छ) **"प्रधानाध्यापक"** प्रधानाध्यापक भन्नाले यस निर्देशिकामा उल्लेख भए अनुसार करारमा नियुक्त भएको प्रधानाध्यापक सम्झनु पर्दछ।

३. **<u>उद्देश्यः</u> यो निर्देशिका जारी गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

(क) नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु।

(ख) गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु।

(ग) विद्यालयको शासकीय प्रबन्धमा विशेष व्यवस्था गरी उच्च नतिजाका लागि प्रोत्साहन गर्नु।

(घ) गुणस्तरीय शिक्षाका लागी विद्यालयहरुबिच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु।

(ङ) विद्यालयहरुको सक्षमतामा सुधार गरी रुपान्तरणको गतिलाई तिव्रता प्रदान गर्नु।

तुर्माखाँद गाउँपालिका

## परिच्छेद - २

## नमुना विद्यालयको छनौटका आधार तथा प्रक्रिया

४. **नमुना विद्यालय छनौट तथा प्रक्रियाहरु देहाय बमोजिम हुनेछः**

(क) यस तुर्माखाँद गाउँपालिकामा एक गाउँपालिका स्तरीय नमुना विद्यालय सञ्चालन हुने गरी अनुसूची २ अनुसारका सूचकका आधारमा विद्यालय छनौट गरिनेछ।

(ख) नमुना विद्यालय सञ्चलानको लागि छनौट भएको विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरु योजना तर्जुमा गरिनेछ । गुरु योजनाका आधारमा क्रमश ३ बर्ष भित्र नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

(ग) **माध्यमिक विद्यालय हुनुपर्नेछः** माध्यमिक तह सञ्चालन भएका सार्वजनिक माध्यमिक विद्यालय हुनुपर्नेछ।

(घ) **पर्याप्त जग्गा भएको हुनुपर्नेः** नमुना विद्यालयको रुपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमको

भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालयको हाता वा हातासँग जोडिएको न्यूनतम ८ रोपनी जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटर सम्मको दुरीको जग्गालाई मूल्यांकनमा कायम गरिनेछ।

(ङ) **विद्यालय सुरक्षित स्थानमा हुनुपर्नेः** विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिकोणले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्नेछ। कुनै विद्यालय जोखिमपुर्ण स्थानमा छ वा छैन भन्ने कुरा विवाद भएमा प्राविधिक रायको आधारमा विपद् व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले टुङ्गो लगाउनेछ।

(च) **लिखित प्रतिवद्धता र सिफारिस पेश गर्नुपर्नेः** गाउँपालिका र वडा कार्यालयबाट समय समयमा प्राप्त हुने मार्गदर्शन अनुरुप कार्य गर्न विद्यालय व्यवस्थापन समितिको

प्रतिवद्धता सहितको निर्णय पेस भएको हुनुपर्नेछ।

(छ) **विद्यार्थी संख्याः** नमुना विद्यालयका लागि छनौट हुने विद्यालयमा शिक्षा नियमावलीले तोके बमोजिमको कक्षागत न्यूनतम विद्यार्थी संख्याको कूल योग ३०० जना पुगेको हुनुपर्नेछ।

(ज) **अन्य शर्तहरुः** नमुना विद्यालयको छनौटमा सहभागी हुन चाहने विद्यालयहरुले माथि उल्लेखित शर्तहरुका अतिरिक्त देहाय बमोजिमका शर्तहरु समेत पुरा गरेको हुनुपर्नेछ।

१) विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको,

२) विद्यालयले बिद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण बार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको ।

३) तोकिएकै समयमा विद्यालयहरुको तथ्याङ्क EMIS मा अपलोड गरेको हुनुपर्ने,

४) विद्यालय सुधार योजना बनाई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन भएको हुनुपर्नेछ।

५. **<u>छनौट प्रक्रिया:</u> नमुना विद्यालय छनौटका लागि देहायबमोजिमका प्रक्रियाहरु अपनाइनेछः**

(क) तुर्माखाँद गाउँपालिकाले गाउँपालिकाभित्र सञ्चालित इच्छुक माध्यमिक विद्यालयबाट आवेदन दिनको लागि १५ दिने सार्वजिनक सूचना प्रकाशन गर्नेछ।

(ख) तोकिएको न्यूनतम शर्त तथा मापदण्डहरु पूरा गरेका विद्यालयहरुले तोकिएको समयसीमा भित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आवश्यक सम्पूर्ण कागजात सहित अनुसूचि १ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(ग) गाउँपालिकाले रितपूर्वक निवेदन दिने विद्यालयको स्थलगत अनुगमन गर्ने गराउने र विद्यालयको अभिलेख भिडाई अनुसूचि २ मा उल्लेखित आधारमा प्रारम्भिक मूल्यांकन गर्नुपर्नेछ।

(घ) प्रारम्भिक मूल्याङ्कन गरिएका सबै विद्यालयहरुको प्राप्ताङ्कको समष्टिगत तालिका सहित उच्चतम

अङ्क प्राप्त गर्ने १ ओटा विद्यालयको फाइल कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(ङ) छनौट भएको विद्यालयलाई गाउँकार्यपालिकाको कार्यालयले एक हप्ता भित्र सम्बन्धीत विद्यालयलाई जानकारी गराउनु पर्नेछ।

(च) विद्यालय छनौट सम्बन्धी उजुरी तथा गुनासोहरु सुनुवाइको व्यवस्था गाउँपालिकाको शिक्षा शाखा मार्फत हुनेछ र जसको अन्तिम निर्णय नगर कार्यपालिकाको हुनेछ।

६. **छनौट भएको विद्यालयले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरुः** आवेदन दिएका विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न छनोट भएको जानकारी पश्चात विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको संयुक्त बैठक बसी यसै निर्देशिका बमोजिमका प्रक्रियाहरु तथा पछि समय समयमा प्राप्त हुने मापदण्ड र निर्देशिका बमोजिम काम गर्ने प्रतिवद्धता सहितको निर्णय गराइ गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(क) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिको निर्णयका

आधारमा नमुना विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धि यसै निर्देशिकामा उल्लेख भएको कार्य गर्नुपर्नेछ।

(ख) गाउँपालिकाले नमुना विद्यालय छनौट भए पश्चात विद्यालयको स्थलगत सर्वेक्षण गरी गराइ शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि लागत अनुमान सहितको एक गुरुयोजना तर्जुमा गर्नुपर्नेछ। गुरु योजनाको आधारमा ३ तिन वर्ष भित्र नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

७. **छनौट तथा सिफारिस समिति देहाय बमोजिम हुने छ ।**

१ उपाध्यक्ष - संयोजक
२ प्रमुख प्रशासकीय अधिकृत -सदस्य
३ सामाजिक बिकास समितिको सभापती - संयोजक
४. गाउँ कार्यपालिकाको योजना शाखा प्रमुख -सदस्य
५. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद -३

## नमुना विद्यालयको पूर्वाधार विकास

८. **नमुना विद्यालयको लागि आवश्यक शैक्षिक पूर्वाधारः** नमुना विद्यालयको आवश्यक शैक्षिक पूर्वाधार देहाय बमोजिम हुनेछः



तुर्माखाँद गाउँपालिका

(क) विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र सबै विषयका तथा विशेष आवश्यकता भएका विद्यार्थीहरुका लागि समेत तालिम प्राप्त शिक्षकको व्यवस्था गरिनेछ।

(ख) शिक्षण सिकाइ प्रक्रिया अपनाउँदा आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ।

(ग) विशेष आवश्यकता भएका बाल वालिकाहरुलाई समेत मध्यनजर गरी शिक्षण सिकाईका लागि आवश्यक पर्ने उपयुक्त सिकाई सामग्रीको व्यवस्थापन गरिनेछ।

(घ) विद्यालयमा शैक्षिक पुर्वाधार आधिकारिक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र ई-पुस्तकालयको पर्याप्त सामग्री तथा पुस्तक भएको व्यवस्था हुनेछ।

(ङ) विद्यालयको सिकाइ, व्यवस्थापन तथा प्रवर्तनात्मक कार्यहरुको अनुभवको आदान प्रदान गर्न आफ्नो सेवाभित्रका तथा अन्य वडाका विद्यालयहरु विच सञ्जाल

निर्माण गर्न सक्नेछ। विद्यालयले अन्य वडाका तथा अन्य पालिका शैक्षिक संस्था वा विद्यालयहरुसंग समेत सहकार्यका लागि सञ्जाल निर्माण गर्न सक्नेछ।

(च) विद्यालयले आवश्यकताको आधारमा प्रत्येक वर्ष विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन, अवलोकन भ्रमण गराउनु पर्नेछ।

(छ) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्नेछ। गणित, विज्ञान,अंग्रेजी नेपाली र सामाजिक जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन/अफलाइन विद्युतीय सिकाइ स्रोत सामाग्रीहरुको प्रबन्ध गरिनेछ।

(ज) विद्यालयको आफ्नो अद्यावधिक वेब साइट र विद्युतीय सामाजिक सञ्जाल हुनेछ। विद्यालयका सम्पुर्ण गतिविधि वेब साइट तथा यस्ता सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्नुपर्नेछ।

(झ) शिक्षण सिकाई क्रियाकलापका लागि पर्याप्त सिकाइ सामग्रीहरुको व्यवस्था गरिनेछ

(ञ) विद्यालयले निर्माणात्मक र निरन्तर मूल्यांकनलाई प्रभावकारी रुपमा लागु गरिनेछ।

९. **नमुना विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारः** नमुना विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारहरु देहाय बमोजिम हुनेछ। पूर्वाधार पूरा गर्दा प्रचलित नियम तथा मापदण्ड अनुसार गर्नुपर्नेछ ।

(क) **शिक्षण भवन तथा कक्षाकोठाः** बालमैत्री, अपाङ्गमैत्री, विपद् प्रतिरोधात्मक साथै तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको सङ्ख्या र पूर्वाधार उपलब्ध हुनेछ। आधुनिक शिक्षण पद्धति अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिनेछ। प्रारम्भिक बालशिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमको पर्याप्त खेल

तुर्माखाँद गाउँपालिका

तथा सिकाई सामाग्री सहितको छुट्टै कोठाको व्यवस्था हुनेछ।

(ख) **प्रशासनिक भवनः** विद्यालयमा प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारीहरुको लागि एक छुट्टै भवनको व्यवस्थापन गरिनेछ।

(ग) **खानेपानी तथा शौचालयः** नमुना विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्नेछ।

(घ) **पुस्तकालयः** आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएको पुस्तकालयको व्यवस्थापन हुनेछ। पुस्तकालयलाई क्रमशः विद्युतीय पुस्तकालयको रुपमा विकास गर्दै लगिनेछ।

(ङ) **प्रयोगशालाः** विज्ञान विषय अन्तर्गत भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान तथा प्राविधिक धार तर्फका विषय क्षेत्र अनुसार सबै विद्यार्थीहरुको सहज पहुँच हुनेगरी छुट्टाछुट्टै पहुँच हुने गरी छुट्टाछुट्टै प्रयोगशालाको व्यवस्था हुनेछ।सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटवर्किङको

व्यवस्था सहित प्रोजेक्टर लगायतका उपकरण व्यवस्थापन गरिनेछ।

(च) **विद्यालय संग्रहालयः** स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले कला, धर्म, संस्कृति, संस्कार जीवनशैली, भेषभूषा, इतिहास, स्थानीय भौगर्भिक वस्तुहरु र परम्परागत प्रविधि जस्ता स्थानीय परिवेश झल्किने गरी विद्यालयमा एउटा संग्राहालय कक्षाको व्यवस्थापन गरिनेछ ।

(छ) **प्राथमिक कक्षः** विद्यार्थीहरुको प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्रीसहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्थापन गरिनेछ ।

(ज) **व्यावसायिक कार्याशाला कक्षः** विद्यालयको आवश्यकता अनुसार विद्यार्थीहरुलाई विद्यालय तह देखि नै व्यावसायिक सिपतर्फ उन्मुख गराउनका लागि स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व

व्यावसायिक क्रियाकलाप सञ्चालन गरिनेछ। जसका लागि एक छुट्टै कार्यशाला कक्षको व्यवस्थापन गर्न सकिनेछ।

(झ) **चमेना गृहः** विद्यालयको हाताभित्र एकपटका लागि ५० जना विद्यार्थीहरुले प्रयोग गर्न सक्ने चमेनागृहको व्यवस्था गरिनेछ। भान्छाकोठा तथा खाना खाने कोठा छुट्टाछुट्टै व्यवस्था गरिनेछ।

(ञ) **अडिटोरियम हलः** विद्यालय स्तरमा हुने सभा सम्मेलन, सास्कृतिक कार्यक्रमको लागि अडिटोरियम हलको व्यवस्थापन गरिनेछ।

(ट) **घेराबार तथा बगैचाः** विद्यालयको हातामा सुरक्षित, बालमैत्री र वातावरण मैत्री घेरावार हुनेछ। विद्यायको घेरावार निर्माण गर्दा हरित विद्यालयको अवधारणा प्रवर्द्धन गर्नुपर्नेछ।

(ठ) **खेलमैदानः** भलिबल, टेबलटेनिस र सम्पूर्ण विद्यर्थीहरुलाई एकैपटक एसेम्ब्ली गर्न पुग्ने तथा सम्भव भएसम्म फुटबल लगायतका अन्य

खेलहरु खेल्नका लागी उपयुक्त खेलमैदान हुनेछ।

(ङ) **वैकल्पिक विद्युतीय व्यवस्थाः** विद्यालयमा सम्पूर्ण विद्युतीय उपकरण सञ्चालनका लागि आवश्यक वैकल्पिक ऊर्जा प्रणालीको व्यवस्थापन गरिनेछ ।

१०. **नमुना विद्यालयको लागि आवश्यक सुशासनका पक्षहरु देहाय बमोजिम हुनेछन्।**

(क) विद्यालयले विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरु योजना तयार गर्नुपर्नेछ।

(ख) विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरुको अनुगमन गर्न सकिने गरी सिसिटिभिको व्यवस्था गरिनेछ।शिक्षक तथा कर्मचारीको हाजिरी विद्युतीय रुपमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) विद्यालयले विद्यालय सुधार योजना बनाउनु पर्नेछ र त्यसलाई हरेक वर्ष अद्यावधिक गरी सोही अनुसार विद्यालयको वार्षिक



तुर्माखाँद गाउँपालिका

कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ।

(घ) विद्यालयले विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी तुर्माखाँद गाउँ पालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(ङ) विद्यालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्वीकृत साधनका आधारमा वार्षिक कार्यसम्पादन अवस्थाको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ।

(च) विद्यालयले तोकिएको बमोजिम सामाजिक तथा लेखा परीक्षण गर्नुपर्नेछ।

(छ) विद्यालयले प्रत्येक त्रैमासिक परीक्षाको सिकाइ उपलब्धिको विवरण शिक्षक अभिभावक बैठक गरी वितरण तथा विद्यार्थीहरुको सिकाई उपलब्धी सुधारका लागि परामर्श दिनु पर्नेछ।

(ज) विद्यालयको समग्र व्यवस्थापन हेर्न अधिकार सम्पन्न छुट्टै

तुर्माखाँद गाउँपालिका

प्रधानाध्यापकको व्यवस्था प्रधानाध्यापकको व्यवस्थापन हुनेछ। सहायक प्रधानाध्यापक तथा आवश्यकता अनुसार विषय प्रमुखको व्यवस्था प्रधानाध्यापकले तोकेअनुसार हुनेछ।

(झ) विद्यालयमा बालक्लब, स्काउट, जुनियर रेडक्रस सर्कल गठन तथा परिचालन गर्नुपर्नेछ।

(ञ) विद्यालयले विपद् व्यवस्थापन योजना बनाई सोको कार्यान्वयन गर्नुपर्नेछ।

(ट) विद्यालयका सबै गतिविधिहरुमा अभिभावकहरुको पहुँच, सहभागिता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गरिनेछ।

(ठ) नमुना विद्यालयले वार्षिक रुपमा अतिरिक्त क्रियाकलापको योजना बनाई सोही अनुसार सञ्चालन गर्नु पर्नेछ।

**११. विद्यालयले देहाय बमोजिमका प्रतिवेदनहरु नियमित तथा आवधिक रुपमा सम्प्रेषण गर्नुपर्नेछ।**

(क) अभिभावक तथा विद्यार्थीहरुलाई दिनुपर्ने प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी प्रगति विवरण

(ख) अभिभावक भेलामा पेश गरिने विद्यालय प्रतिवेदन ।

(ग) लेखा परीक्षण प्रतिवेदन।

(घ) सामाजिक परीक्षण प्रतिवेदन।

(ङ) विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालयको कार्यसम्पादन परीक्षणको प्रतिवेदन ।

(च) सह तथा अतिरक्त क्रियाकलाप सम्बन्धि प्रतिवेदन।

(छ) इ.एम.आइ.एस. तथ्याङ्क।

(ज) विद्यालयको विकास गुरु योजना तथा विद्यालय सुधार योजनाको वार्षिक कार्यान्वयनको प्रतिवेदन।

१२. यस परिच्छेदमा व्यवस्था भएबमोजिम विद्यालय विकासका लागि गुरुयोजना निर्माण विद्यालय छनौट भए पश्चात एक महिनामा निर्माण गरि गाउँपालिकामा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

तुर्माखाँद गाउँपालिका

## परिच्छेद-४

## विविध

१३. प्रचलित शिक्षा ऐन तथा नियमावली सँग बाझिएका प्रावधानहरुको हकमा सोही ऐन तथा नियमावली बमोजिम नै हुनेछ।

१४. प्रचलित शिक्षा ऐन तथा नियमावली र यस निर्देशिकामा उल्लेख भए अनुसारको व्यवस्था विद्यालयले  पालना नगरेमा सम्बन्धीत पदाधिकारीलाई विभागीय कारवाही तथा नमुना विद्यालयको सञ्चालनको कोटा खारेजी समेत हुन सक्नेछ।

१५. यस निर्देशिकामा लेखिएका विषयमा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

तुर्माखाँद गाउँपालिका

## *अनुसूची १*

## तुर्माखाँद गाउँपालिका नमुना विद्यालय छनौटका लागी दिइने आवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

तुर्माखाँद गाउँपालिका तुर्माखाँद, अछाम।

**विषय : गाउँपालिका नमुना विद्यालय छनौट सम्बन्धमा |**

प्रस्तुत विषय सम्बन्धमा तुर्माखाँद गाउँपालिकाको मिति ...............मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र ....................देखि तुर्माखाँद गाउँपालिका नमुना विद्यालय हुनुपर्ने न्यूनतम सर्तहरू पूरा गरेको हुनाले गाउँपालिका नमुना विद्यालयको रुपमा छनौट हुन देहाय अनुसारका विवरण सहित आवेदन पेश गरिएको बेहोरा अनुरोध छ |

तपसिल*:*

विद्यालयको विवरण

१.विद्यालयको नामः...................................................................

२.ठेगानाःजिल्लाः................... गाउँपालिकाः .................... वडा गाउँ/टोल.................फोन...................न.................इमेल................ वेभसाईट....................

३. संचालित कक्षा ..............

४. विद्यालय विवरणः

| क्र.सं | सूचक | विवरण |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ११ -१२ मा पढाई हुने विषयहरु | क .विज्ञान विषय समूहः........................<br>ख.वाणिज्य विषय समूहः......................... |

<table>
<tr><td></td><td></td><td>ग.मानविकी विषय समूहः........................<br>घ.शिक्षा विषय समूहः................................<br>ग. प्राबिधिक विषय धार समूह.............</td></tr>
<tr><td>२.</td><td>विद्यालय संग भएको जग्गा</td><td>क. ................ रोपनी</td></tr>
<tr><td>३.</td><td>विद्यार्थी संख्या</td><td>क. पूर्व प्राथमिक कक्षा को विद्यार्थी संख्या :...........<br>ख. आधारभूत कक्षा १-८ को विद्यार्थी संख्याः.............</td></tr>
<tr><td></td><td></td><td>ग. माध्यमिक तह कक्षा ९-१२ को विद्यार्थी संख्या...........</td></tr>
<tr><td>४.</td><td>विगत तिन वर्ष को SEE को नतीजा (ग्रेडवृद्धि परीक्षा सहित)</td><td>
<table>
<tr><td>विवरण</td><td>शैक्षिक सत्र</td><td>शैक्षिक सत्र</td><td></td><td>शै</td></tr>
<tr><td>सम्मिलित संख्या</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>उतीर्ण/GPA१.६ भन्दा बढ़ी संख्या</td><td></td><td></td><td></td><td></td></tr>
</table>
नोट : SEE परीक्षाका विद्यार्थीको उतिर्ण प्रतिसत गणना गर्दा GPA प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिसत लाई आधार मान्ने</td></tr>
<tr><td>५.</td><td>विद्युत र इन्टरनेटको पहुँच</td><td>क. विद्यालय राष्ट्रिय वा स्थानीय प्रशारणबाट विद्युत आपूर्ति व्यवस्था भएको,नभएको ............<br>ख. वैकल्पिक उर्जाको व्यवस्था भएको, नभएको ...............<br>ग. विद्यालय इन्टरनेट पहुँच भएको, नभएको ........</td></tr>
<tr><td>६.</td><td>विद्यालयको अवस्थिति</td><td>क.वडा कार्यालयको केन्द्रबाट दूरि .............<br>ख.विद्यालय सम्म पुग्ने सडक मोटरबाटो रहे नरहेको</td></tr>
</table>

| | | |
|---|---|---|
| | | .......... |
| ७. | विद्यालय मर्ज हुने अवस्था | क.नजिकै रहेका र गाभिन इच्छुक विद्यालय संख्या ............ |
| ८. | प्रधानाध्यापकको योग्यता नियुक्तिको तह प्रकार र तालीम | क.उच्चतम शैक्षिक योग्यता ............. <br> ख.स्थायी/अस्थायी/राहत/निजी वा अन्य ........... <br> ग.नियुक्तिको तह :.................. <br> घ.१.महिने प्र अ व्यवस्थापन तालीम लिए/नलिएको :.............. |
| ९. | माध्यमिक तहमा शिक्षक दरबन्दीको व्यवस्था | क. बिषय गत स्वीकृति दरबन्दी संख्याको विवरण................ <br> ख. राहत अनुदान कोटा संख्या ......... <br> ग. स्थानीय तह अनुदान कोटा/निजी स्रोत कोटा संख्या ............ |
| १०. | माध्यमिक शिक्षकको शैक्षिक योग्यता र तालीम | क. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षक संख्या.............. |
| ११. | विद्यालय सूचना प्रबिधिमा आधारित शिक्षण सिकाईको व्यवस्था | ख. ICT ल्याब भए नभएको .......... <br> ग. कम्प्युटर ल्यापटप को संख्या............... <br> घ. छुट्टै शिक्षक नियुक्ति गरे नगरेको ............. |
| १२. | विज्ञान प्रयोगशाला र पुस्तकालय | क. पुस्तकालय कक्ष भए नभएको ............ <br> ख. पुस्तकालय भएको भए एक पटकमा कतिजना सम्मले प्रयोग गर्न सक्ने अवस्था ......... <br> ग. विज्ञान प्रयोगशाला कक्ष भए नभएको <br> घ. विज्ञान प्रयोगशाला भए एक पटकमा कतिजना सम्मले प्रयोग गर्न सक्ने अवस्था |

| | | |
|---|---|---|
| | | ...................... |
| १३. | साधारण धार/प्राबिधिक धार | क. प्राबिधिक धार सञ्चालन भएको भए विषय ......... |
| १४. | सेवा क्षेत्रमा उत्पादन मूलक कार्यहरू | क. विद्यालयको सेवा क्षेत्रमा उत्पादनमूलक उद्योग, घरेलु उद्योग,व्यावसायिक कृषि,खेती पशुपंक्षी पालन फर्म हरु भए/नभएको ................................................... <br>ख. भएमा विद्यार्थीलाई प्रयोगात्मक कार्यमा उक्त क्षेत्रमा परिचालन गरिएको नगरिएको अवस्था ....................... |
| १५. | विद्यालयमा थप छात्रवृति कोषको व्यवस्था | क.) तिनै तहको सरकारबाट प्रदान गरिने नियमित छात्रवृतिका अतिरिक्त विद्यालयका अभिभावक, समुदाय, संघ संस्था वा पूर्व विद्यार्थी समाजबाट विद्यालयमा छात्रवृत्ती उपलब्धी गराउने प्रयोजनका लागी अक्षय कोष को व्यवस्था गरि पारदर्शी तवर बाट वितरण गरे नगरेको विवरण........... |
| १६. | समुदायको लगानी | क.) सरकारी अनुदान बाहेक विद्यालयमा पछिल्लो एक बर्ष भित्र स्थानीय अभिभावक र दाताबाट दान ,दातब्य, चन्दा, सहयोग, वस्तु, जग्गादान, श्रमदान जस्ता योगदानहरु भए/नभएको .............. <br>भएको भए योगदानको हालको बजार मूल्य रकम रु ........ |
| १७. | | क.) विद्यालयको विकासका लागी आफ्नै पहलमा गुरुयोजना डिपिआर तयारी सोही अनुसार |



तुर्माखाँद गाउँपालिका

| | | |
|---|---|---|
| | आफनै पहलमा विद्यालय विकासको गुरुयोजना तयारीको अवस्था | सुधारका कामहरु गरे/नगरेको ......<br>ख.) विद्यालय सुधार योजना तर्जुमा गरी विद्यालय को शैक्षिक विकासका लागी स्थानीय समुदाय विद्यालय व्यवस्थापन समिति,स्थानीय संघ सस्थाहरुसंग पहल गरे/नगरेको ................. |
| १८. | अतिरिक्त तथा सृजनात्मक क्रियाकलापमा सक्रियता | क.) गत एक बर्षमा विद्यालयले अतिरिक्त क्रियाकलाप जस्तै देउसी, भैलो, होली, सास्कृतिक कार्यक्रम, नाटक जस्ता समारोह गरेर विद्यालय को कोष मा रकम जम्मा गरेको भए रकम रु.......<br>ख.) कुनै खेलकूद वा अन्य प्रतियोगिता ( जिल्ला स्तरीय,स्थानीय तह स्तरीय प्रदेश स्तरीय राष्ट्रिय स्तरीय अतिरक्त प्रतियोगिता हरुमा भाग लिए नलिएको र पदक प्राप्त गरेको विवरण ........... |
| १९. | अनुसन्धान र नवप्रवर्तन | क.) विद्यालय तथा शिक्षकका व्यवस्थापकीय र पेशागत कमिकमजोरी, परीक्षाको नतिजा, भौतिक अवस्था, आन्तरिक व्यवस्थापकीय, सिकाई उपलब्धी खेलकूद अतिरिक्त क्रियाकलाप, सामाजिक सहभागिता अन्तरविद्यालयगत प्रतिस्पर्धा शिक्षण सिकाई सुधार शैक्षिक सामाग्री व्यवस्था आदिका बारेमा आन्तरिक अध्ययन अनुसन्धान गरी सुधारका लागी पहल गरे नगरेको..................................................<br>.....................................................................<br>ख.) गरिएको अवस्था भए सो को विवरण ........................ |

| | | |
|---|---|---|
| २०. | असल अभ्यासको आदान-प्रदान | क.) कार्य सम्पादन राम्रो भएका सामुदायिक वा निजी विद्यालयको भ्रमण गरेको विवरण .................................<br>ख.) भ्रमणबाट सिकेका असल अभ्यासहरु विद्यालयमा प्रयोग गरेको विवरण ................... |
| २१. | विद्यालय व्यवस्थापनमा विवाद ,गुनासा र उजुरीको अवस्था | क.) व्यवस्थापन समिति गठन, शिक्षक व्यावस्थापना ,भौतिक निर्माण ,खरीद प्रक्रिया ,जग्गा तथा सम्पतिको उत्पादन विक्री वितरण ,लगायतका विभिन्न कार्यहरुमा आन्तरिक मुद्दा मामिला ,विवाद ,गुनासोहरु र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत निगरानी निकायहरुमा लिखित उजुरी भए नभएको विवरण ...................... |
| २२. | वडा तहको लगानी र विद्यालय विकासको लागी सक्रियता को अवस्था | क.) चालू आर्थिक वर्षमा सशर्त अनुदान र भौतिक पुर्बाधार निर्माण बाहेक वडा र नगरपालिकाबाट विद्यालय को शैक्षिक विकासका लागी लगानी रकम रु ............. |
| २३. | बेरुजुको फछ्र्यौटको अवस्था | क.) कार्यालय,निर्देशालय, मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई लगायतका निकायबाट कार्यान्वयन भएका हालसम्म कार्यक्रमहरुको अन्तिम लेखा परीक्षणबाट कुनै बेरुजू कायम रहे नरहेको ..........................................................<br>..........................................................<br>................................ |

६. संलग्न गर्नु पर्ने कागजातहरू :

(क) विद्यालयको नाममा भएको जग्गा धनी प्रमाण-पुर्जा वा सम्बन्धीत निकायले दिएको भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि ,

(ख) विद्यालय अनुमति/स्वीकृत /सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि,

(ग) विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि ,

(घ) सम्बन्धित वडाको सिफारिस,

(ङ) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी बैठक पुस्तिका को प्रमाणित प्रतिलिपि,

(च) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक तोकेको बैठकको निर्णय र नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

(छ) गत आर्थिक बर्षको लेखापरीक्षण र सामाजिक परिक्षण प्रतिबेदनको प्रमाणित प्रतिलिपि,

(ज) अद्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि,

(झ) चालू शैक्षिक सत्रमा (EMIS) भरेको शैक्षिक तथ्यांक को प्रमाणित प्रतिलिपि ,

(ञ) कुनै सार्बजानिक विद्यालय हरु यस विद्यालयमा गाभिने भएमा वा गाभिएको भएमा समबन्धित विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति र अभिभावक भेलाको निर्णयको प्रतिलिपि,

(ट) अन्य आवश्यक कागजातहरू।

तुर्माखाँद गाउँपालिका

तुर्माखाँद गाउँपालिका

## अनुसूची -२

## विद्यालयको स्थलगत अनुगमन फारम

विद्यालयको नामः ........................................................................

ठेगानाःजिल्ला...........प्रदेश................गाउँपालिकाः............ वडा नं.
प्र.अ.को नाम थरः ........................... सम्पर्क नं....................
अनुगमन मितिः................................सत्यापन मितिः........................

**सूचकहरु र अंक गणना विधि र अनुगमन सूचक**

| क्र.स. | सूचक | अंक भार | अंक गणना बिधि | अनुगमन सूचक | अनुगमन / सत्यापन बाट प्राप्तांक |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तह ११ र १२ मा पढाई हुने विषयहरु | ४ | क) विज्ञान बिषय समूहको एकाधार मात्र पढाई हुने भएमा ३ अंक<br>ख) विज्ञान विषय समूह बाहेक अन्य कुनै दुई विषय समूह (जस्तै : वाणिज्य विषय समूह,शिक्षा विषय समूह) | -विषयगत कक्षा सञ्चालन अनुमति पत्र<br>-विद्यार्थीको भर्नाको अभिलेख<br>-विद्यार्थी उपस्थिति। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को पढाई हुने भएमा ३ अंक<br>ग) विज्ञान विषय बाहेक कुनै एउटा समूह भए २ अंक<br>घ) विज्ञान विषय समूह र अन्य कुनै बिषय समूहको पढाई हुने भएमा ४ अंक | | |
| २ | विद्यालयसंग भएको जग्गाको प्रयाप्तता | १२ | क) दफा २ को दफा २.२ (ख) बमोजिम तोकिएको निर्माणका लागी चाहिने न्यूनतम जग्गाको लागी ५ अंक<br>ख) न्यूनतम भन्दा ५० प्रतिशत सम्म बढ़ी भएमा - ८ अंक<br>ग) न्युनतम | -जग्गा को स्वामित्व भएको लालपुर्जा<br>-भोगाधिकार सम्बन्धी प्रमाण। | |



तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्षेत्रफलमा ५० प्रतिशत भन्दा माथि १०० प्रतिशत सम्ममा बढिमा १० अंक<br>घ) न्यूनतम क्षेत्रफलमा १०० प्रतिशत भन्दा बढ़ी भएमा -१२ | | |
| ३. | विद्यालय विद्यार्थी अनुपात | १० | आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा ९-१२ को विद्यालय विद्यार्थी अनुपात अलग गणना गर्ने,<br>क) आधारभूत तहको नगरपालिकाको विद्यालय विद्यार्थी औसत अनुपात बराबर वा कम भएमा २ अंक<br>ख) आधारभूत तहको नगरपालिकाको विद्यालय विद्यार्थी औसत अनुपातभन्दा बढ़ी | -जिल्लागत विद्यालय विद्यार्थी अनुपात IEMIS बाट निकाली अनुगमन गरिने विद्यालय को विद्यार्थी संख्या संग तुलना गर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएमा ४ अंक<br>ग) माध्यमिक तहको नगरपालिकाको विद्यालय विद्यार्थी औसत अनुपात बराबर वा कम भएमा ४ अंक<br>घ) माध्यामिक तहको नगरपालिकाको विद्यालय विद्यार्थी औसत अनुपात भन्दा बढ़ी भएमा ६ अंक | | |
| ४. | SEE को नतीजा | ७ | यस खण्डको अंक गणना गर्दा नियमित र मौका परीक्षा समेतमा उतीर्ण हुनेलाई आधार मानेर गर्ने, विद्यालयले पछिल्ला तिन वर्षको औसतमा वार्षिक कम्तिमा ३० जना विद्यार्थी सहभागी गराएको हुनु पर्नेछ SEE परीक्षाका विद्यार्थी को उतीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो | -गत तिन वर्षको SEE मा जम्मा सहभागी विद्यार्थी र १.६ भन्दा बढ़ी GPA प्राप्त गर्ने विद्यार्थी विवरण हेर्ने /तीन बर्ष को SEE मा विद्यार्थी सहभागीता ३०*३ =९० जना हुनु पर्ने। | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भन्दा माथी GPA प्राप्त गर्ने विद्यार्थीहरुको संख्या लाई आधार मान्ने , <br><br> क) यस खण्डको अंक गणना गर्न ३ वर्ष को उतीर्ण प्रतिशतलाइ देहायको सूत्र प्रयोग गरि आउने अंक (पहिलो वर्षको उतीर्ण प्रतिशत+दोस्रो बर्षको उतीर्ण प्रतिशत + तेस्रो वर्षको उतीर्ण प्रतिशत जम्मा उतिर्ण प्रतिशतलाइ जम्मा विषयले भाग गर्ने ) | | |
| ५ | स्थानीय समुदायमा विद्युत र इन्टरनेट को पहुँच भएको | ५ | क) विद्यालय रहेको स्थानीय समुदायमा राष्ट्रिय प्रसारण बाट वा स्थानीय प्रसारणबाट त आपुर्तिको विद्युत | -विद्युतको व्यवस्था र इन्टरनेटको पहुँच स्थलगत अनुगमन गरी हेर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्था भएको वा विद्यालयमा बैकल्पिक ऊर्जाको प्रबन्ध भएमा -२ अंक<br>ख) विद्यालय रहेको स्थानीय तहमा इन्टरनेट सञ्जालको पहुँच पुगेको भएमा -३ अंक | | |
| ६ | विद्यार्थीको अवस्थिति | ३ | क) वडा कार्यालयको केन्द्र विन्दुमा अवस्थित भए पनि मोटरबाटो पुगेको विद्यालय भए ३ अंक<br>ख) अन्य विद्यालय भए २ अंक | -वडा कार्यालयको सबै भन्दा नजिक दूरिमा रहेको विद्यालयलाई केन्द्र विन्दु अवस्थित मान्ने। | |
| ७ | विद्यालय गाभिई संचालन गर्ने अवस्था | ३ | क) नजिक रहेको कुनै एक विद्यालय गाभिने भएमा १ अंक<br>ख) २ विद्यालय गाभिने आएमा २ अंक<br>ग) २ भन्दा बढी विद्यालय गाभिने भएमा ३ अंक | -गाभिने इच्छुक विद्यालयको बि. व्य. स. को निर्णय र पत्र। | |
| ८ | प्रधानाध्यापकको योग्यता र | ५ | क) माध्यमिक तहको स्थायी,कुनै विषयमा | -प्र.अ.को शैक्षिक योग्यता प्रमाण र १ महिने प्र. अ. | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तालीम | | स्नातकोतर तह भन्दा माथिको शैक्षिक योग्यता भएको र विद्यालय व्यवस्थापन तालीम सम्पन्न गरेको भए ५ अंक<br>ख) माध्यमिक तहको स्थायी, स्नातकोतर तहको शैक्षिक योग्यता र व्यवस्थापन तालीम सम्पन्न गरेको भए ४ अंक<br>ग) माध्यमिक तहको स्थायी तर माथिल्लो योग्यता नभएको भए २ अंक<br>घ) अन्य भए ० अंक | व्यवस्थापन तालिमको प्रमाणपत्र हेर्ने। | |
| ९ | शिक्षकको दरवन्दी व्यवस्था | ५ | क) माध्यमिक तहमा प्रचलित शिक्षा ऐन नियमावली अनुसार कम्तिमा ५ वटा माध्यमिक विषयगत शिक्षक दरबन्दी भई कार्यरत रहेको भए ५ अंक<br>ख) माध्यमिक तहमा | -विषयगत शिक्षक दरवन्दी विवरण र कार्यरत अवस्था हेर्ने। | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रचलित शिक्षा ऐन नियमावली अनुसार कम्तिमा एक जना स्थायी शिक्षक सहित ४ जना कार्यरत भए ४ अंक<br>ग) माध्यमिक तहमा गणित, विज्ञान र अग्रेजी विषयका विषयगत योग्य शिक्षक दरबन्दी वा राहत भई कार्यरत भए ३ अंक<br>घ) अन्य अवस्थामा ० अंक | | |
| १० | शिक्षकको शैक्षिक योग्यता र तालीम | ५ | क) माध्यमिक तहमा कार्यरत सबै शिक्षक मध्ये न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएका शिक्षकहरु ५ जना वा सो भन्दा बढ़ी भए ५ अंक<br>ख) माध्यमिक तहमा कार्यरत शिक्षक मध्ये न्यूनतम योग्यता भन्दा माथिका शैक्षिक | -माध्यमिक तहमा कार्यरत शिक्षक हरुको शैक्षिक योग्यता प्रमाण पत्र र नियुक्ति पत्र हेर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | योग्यता भन्दा माथिका शैक्षिक योग्यता भएका शिक्षक संख्या ३ भन्दा बढ़ी भए ५ कम भए ४ अंक<br>ग) माध्यमिक तहमा कार्यरत शिक्षक हरुको न्यूनतम योग्यता भन्दा माथिको शैक्षिक योग्यताको शिक्षक १ भन्दा बढ़ी ३ जना सम्म भए ३ अंक<br>घ) माध्यमिक तहमा कार्यरत शिक्षकहरु को न्यूनतम योग्यता मात्रै भए २ अंक | | |
| ११ | विद्यालयमा सूचना प्रबिधि शिक्षण सिकाई | ३ | क) विद्यालय मा सुचना प्रबिधिको शिक्षण गर्न ICT ल्याब भएको र सूचना प्रबिधि अध्यापन गराउन योग्य शिक्षक व्यवस्था भए ३ अंक<br>ख) सूचना प्रबिधि शिक्षण गर्न ICT ल्याब को | -कम्प्यूटर ल्याब र सूचना प्रबिधि अध्यापन गर्ने शिक्षकको नियुक्ति र कार्यरत अवस्था हेर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्था भएको तर शिक्षण गर्न छुट्टै शिक्षक व्यवस्था नभएको २ अंक<br>ग) सुचना प्रबिधि शिक्षण नै नगरेको भए ० अंक | | |
| १२ | विज्ञान प्रयोगशाला र पुस्तकालय | ५ | क) व्यवस्थित विज्ञान प्रयोगशाला र पुस्तकालय भए ५ अंक<br>ख) दुइवटै भएको तर एउटा मात्रै व्यवस्थित भएको भए ४ अंक<br>ग) दुबै भएका तर व्यवस्थित नभएको भए ३ अंक<br>घ) कुनै एउटा मात्रै भएको तर व्यवस्थित नगरिएको भए २ अंक | अलग कक्षामा एक पटकमा कम्तिमा २० जना विद्यार्थी ले प्रयोग गर्न सक्ने सामग्री तथा पुस्तकहरु भएकोलाई व्यवस्थित मानेर मूल्याङ्कन गर्ने। | |
| १३ | प्राबिधिक धार /साधारण धारको शिक्षा | ३ | क) प्राबिधिक धारको कक्षा ९/१२ अध्यापन हुने विद्यालय भए ३ अंक<br>ख) साधारण धारको विद्यालय भए २ अंक | विद्यालयको अनुमति र संचालित कक्षा हेर्ने। | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सेवा क्षेत्रमा उत्पादन मूलक कार्यहरू | ३ | क) विद्यालयको सेवा क्षेत्रमा उत्पादन मूलक उद्योग, घरेलु उद्योग, व्यवसायिक कृषि ,खेती पशुपंक्षी पालन फर्महरू भएको र विद्यार्थीलाई प्रयोगात्मक कार्यमा उक्त क्षेत्रमा परिचालन गरिएको अवस्था भए ३ अंक<br>ख) उद्योग धन्दा भएको तर विद्यार्थी परिचालन नगरिएको भए २ अंक<br>ग) अन्य अवस्था भए ० अंक | -दर्तावाला उद्योग कृषि फर्म आदिको विवरण राजश्व शाखा/ कृषि पशुसेवा तथ्याङ्क लिने<br>-,वि.ब्य.स.समुदाय संग छलफल गरेर एकिन गर्ने | |
| १५ | विद्यालय थप छात्रवृत्ति कोषको व्यवस्था | ३ | क) तिनै तहका सरकारबाट प्रदान गरिने नियमित छात्रवृत्तिका अतिरिक्त विद्यालयका अभिभावक, सामुदाय, संघ संस्था वा पूर्व विद्यार्थी समाजबाट विद्यालयमा | -विद्यालयमा भएका अक्षय कोष सम्बन्धी कागजात विवरण छात्रवृत्ती र विवरण तथ्याङ्क हेर्ने, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागी अक्षय कोषको व्यवस्था गरी पारदर्शी तवरबाट विवरण गर्ने गरेको भए ३ अंक<br>ख) यस्ता कुनै कोषहरु नभए ० अंक | | |
| १७ | आफ्नै पहलमा विद्यालय विकासको गुरुयोजना तयारीको अवस्था | ३ | क) विद्यालय सुधार योजनाका अतिरिक्त विद्यालयको विकास को लागी आफ्नै पहलमा गुरुयोजना, डीपीआर तयार गरि सोही अनुसार सुधारका कामहरु गरेको भए ३ अंक<br>ख) विद्यालय सुधार योजना तर्जुमा गरि विद्यालय को शैक्षिक विकासका लागी स्थानीय, समुदाय विद्यालय व्यवस्थापन समिति, स्थानीय | -गुरुयोजना डीपीआर विद्यालय सुधार योजना आदि हेर्ने।<br><br>-उक्त योजनाको कार्यान्वयनको लागी पहल गरिएको अभिलेख हेर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संघ संस्थाहरूसंग पहल गरेको भए २ अंक<br>ग) सो सम्बन्धित कुनै कार्य नगरिएको अवस्था भए ० अंक | | |
| १८ | अतिरिक्त तथा सृजनात्मक क्रियाकलापमा सक्रियता | ३ | क) गत एक वर्षमा विद्यालयले अतिरिक्त क्रियाकलापः जस्तै देउसी, भैलो, होली ,सास्कृतिक कार्यक्रम, नाटक, समारोहको आयोजना गरी विद्यालय को कोष मा कम्तिमा ५० हजार रकम आम्दानी गरेको वा कुनै खेलकूद वा अन्य प्रतियोगिता ( जिल्ला स्तरीय, स्थानीय तह स्तरीय प्रदेश स्तरीय राष्ट्रीय मान पदक वा शिल्ड प्राप्त गरेको भए ) ३ | -अतिरिक्त क्रियाकलाप गरेको फोटो, भिडियो रेकर्ड, अभिलेख, आम्दानी विवरण, प्रतियोगितामा सहभागिता, पुरस्कार, पदक, शिल्ड आदि हेर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अंक<br>ख) यस्ता अतिरिक्त क्रियाकलापबाट ५० हजार भन्दा कम आम्दानी गरेको भए वा जिल्ला प्रदेश राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी मात्रै भए २ अंक<br>ग) अतिरिक्त क्रियाकलापबाट आम्दानी गरेको तर आम्दानी नै नराखेको भए वा स्थानीय तह स्तरीय प्रतियोगितामा भाग लिएको भए १ अंक<br>घ) अतिरिक्त क्रियाकलाप नै आयोजना नगरेको भए वा प्रतियोगिताहरुमा सहभागी नै नभएको भए ० अंक | | |
| १९ | | ३ | क) विद्यालयको आन्तरिक कमीकमोजोरी | -शिक्षकका कार्यमूलक अनुसन्धान, | |



तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुसन्धान र नवप्रवर्तन | | परीक्षको नतीजा, भौतिक अवस्था, आन्तरिक व्यवस्थापन, सिकाई उपलब्धी अतिरिक्त क्रियाकलाप, सामाजिक सहभागिता, अन्तर विद्यालयगत प्रतिस्पर्धा ,शिक्षक सिकाई सुधार, शैक्षिक सामाग्री व्यवस्था आदिका बारेमा आन्तरिक अध्ययन अनुसन्धान गरी सुधारका लागी पहल गरिएको अवस्था भए ३ अंक<br>ख) अध्ययन अनुसन्धान गरिएको तर सुधारका लागी पहल नगरिएको भए १ अंक<br>ग) अध्ययन अनुसन्धान नै नगरिएको भए ० | -प्र. अ. को व्यवस्थापकीय अनुसन्धान,<br>-परीक्षाको नतीजा विश्लेषण<br>-शिक्षण सिकाई सुधारको लागी अभिभावक विद्यालय छलफल, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अंक | | |
| २० | असल अभ्यासको सिकाई आदान-प्रदान | ३ | क) कार्यसम्पादन राम्रो भएका सामुदायिक वा निजी विद्यालयको भ्रमण गरी राम्रा अभ्यास पत्ता लगाई आफ्नो विद्यालयमा कार्यान्वयन गरिएको भए ३ अंक<br>ख) असल अभ्यासहरु अवलोकन गरिएको तर आफ्नो विद्यालयमा कार्यान्वयन नगरिएको भए १ अंक<br>ग) यस विषय मा कुनै प्रयोग नगरिएको भए ० अंक | -शिक्षक विद्यार्थी हरुको अन्तर विद्यालय अवलोकन भ्रमण<br>- विषयगत शिक्षकहरुको अभ्यास आदान प्रदान<br>-शैक्षिक अध्ययन भ्रमण<br>-राम्रो गरी रहेका विद्यालयहरुसंग असल अभ्यास आदान-प्रदान<br>-राम्रा अभ्यासका नमुनाहरु आफ्नो विद्यालयमा कार्यान्वयन गरिएको अवस्था आदिका अभिलेख र कार्यान्वयन अवस्था हेर्ने | |
| २१ | | | क) व्यवस्थापन समिति गठन ,शिक्षक व्यवस्थापन, भौतिक निर्माण, खरीद प्रकिया, जग्गा वा अन्य | -विद्यालय विविध व्यवस्थापकीय प्रक्रिया सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोग राष्ट्रीय सतर्कता केन्द्र आदि निकाय मा | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय व्यवस्थापन मा<br><br>विवाद गुनासा र उजुरीको अवस्था | ३ | सम्पत्तीको उत्पादन बिक्री वितरण लगायतका विभिन्न कार्यहरूमा आन्तरिक मुद्दा मामिला विवाद, गुनासाहरू र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत निगरानी निकायहरुमा लिखित उजुरी परेको अवस्था नभएमा ३ अंक<br>ख) उजुरी परेको तर कमिकमजोरी गरेको प्रमाणित नभएको अवस्था भए २ अंक<br>ग) अन्य अवस्था मा ० अंक | परेका उजुरिहरू कार्यालय र निर्देशानालयका अभिलेख हेर्ने। | |
| २२ | वडा कार्यालय को लगानी र विद्यालय विकासको लागी | | क) चालू आर्थिक वर्षमा सशर्त अनुदान र भौतिक पुर्बाधार निर्माण वाहेक नगरपालिका वडा कार्यालयबाट | संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र सशर्त अनुदान बाहेक नगरपालिका वडा कार्यालयले शिक्षण | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | सक्रियताको अवस्था | ३ | विद्यालयको शैक्षिक विकासका लागी गरिएको लगानी ५ लाख भन्दा माथि भए ३ अंक<br>ख) सो लगानी १ लाखदेखि ५ लाखसम्म भए २ अंक<br>ग) सो लगानी १ लाख भन्दा कम भए १ अंक<br>घ) सो लगानी नै नभएको भए ० अंक | सिकाई सुधारमा गरेको लगानी | |
| २३ | बेरुजुको फछ्यौटको अवस्था | ३ | क) कार्यालय निर्देशानालय मन्त्रालय शिक्षा विकास तथा समन्वयन इकाई लगायतका निकायबाट कार्यान्वयन भएका गत वर्ष का कार्यक्रमहरुको अन्तिम लेखा परीक्षणबाट कुनै बेरुजू कायम नै नभएको अवस्था | सम्बन्धी विद्यालयको बेरुजुको विवरण हेर्ने | |

तुर्माखाँद गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएको भए ३ अंक<br>ख) यस्ता बेरुजू भएको तर फछ्यौट गरिएको २ अंक<br>ग) बेरुजू फछ्यौंट हुन बाकी भए ० अंक | | |

**प्रधानाध्यापकको**

नामः

पदः

हस्तक्षरः

कार्यालयको छापः

**अनुगमन कर्ताको**

नामः

पदः

हस्तक्षरः

अनुगमन मितिः

कार्यालयको छापः

तुर्माखाँद गाउँपालिका

*अनुसूचि-३*

## विद्यालय विकास प्रस्तावको ढाँचा

**१. परिचय**

**२. दूरदृष्टी, लक्ष्य उद्देश्य**

**३. विद्यालयको विद्यमान अवस्था**

**निम्न सुचनामा आधारित भई विश्लेषण गर्नेः**

(क) सेवाको क्षेत्रको जनसंख्या

(ख) विद्यालयको भौतिक अवस्था

(ग) विद्यालयको शैक्षिक अवस्था

(घ) विद्यालयको समुदायको सम्बन्ध

(ङ) विद्यालयको आर्थिक अवस्था

**४. प्रस्तावित योजना (रणनीतिक तथा कार्यनीति सहित)**

(क) शैक्षिक अवस्था

(ख) भौतिक अवस्था

(ग) आर्थिक अवस्था

(घ) व्यवस्थापकीय

**५. बार्षिक कार्यान्वयन कार्य योजना**

(क) अर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ।

**६. संस्थागत क्षमता विकास**

(क) जनशक्ति विकास

(ख) भौतिक संरचना विकास

तुर्माखाँद गाउँपालिका

*अनुसूचि-४*

<u>प्रधानाध्यापक छनौट तथा मुल्याङ्कनको आधार</u>

**१. वैयक्तिक विवरण ३० अङ्क**

क) न्यूनतम शैक्षिक योग्यता ( प्रथम श्रेणी भए १०, द्वितिय श्रेणी ८, तृतिय श्रेणी६ ) -१०

ख) माथिल्लो शैक्षिक योग्यता वापत ( प्रथम श्रेणी ५, द्वितिय श्रेणी ३, तृतिय श्रेणी २ ) -६

ग) अनुभव ( प्रति वर्ष १ अंकका दरले) -१०

घ) न्यूनतम ३० कार्यदिनको व्यवस्थापन तालिम वापत ( प्रुथम श्रेणी ५, द्वितिय श्रेणी ३, तृतिय श्रेणी २ ) -५

२. **विद्यालय विकास प्रस्ताव -७० अङ्क**

क) दुरदृष्टी, लक्ष्य, उद्देश्य -५

ख) विद्यालयको विद्यमान अवस्थाको विश्लेषण -१०

ग) प्रस्तावित विद्यालय विकास योजना (रणनीति र कार्यनिति सहित) **-४०**

| | |
|---|---|
| शैक्षिक | -१५ |
| भौतिक | -५ |
| आर्थिक | -५ |
| व्यवस्थापकीय | -१५ |

घ) वार्षिक कार्ययोजना -१०

ङ० संस्थागत विकास योजना -५

**प्रमाणीकरण मिति २०८३।०१।११**

**आज्ञाले**
**देव राज चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**



तुर्माखाँद गाउँपालिका